# भीमदत्त उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावनाः** सुदूरपश्चिम प्रदेशमा कृषि पेशालाई सम्मानित तथा व्यवसायिक बनाउन र कृषकहरुलाई परम्परागत कृषिको रुपान्तरण र आधुनिकीकरण गर्न प्रोत्साहित गरी युवाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न तथा भीमदत्त उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी ढंगले सञ्चालन गर्न वाञ्छनीय भएकोले,

सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः**(१) यो कार्यविधिको नाम "भीमदत्त उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भए पछि सुदूरपश्चिम प्रदेशभर लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "कार्यक्रम" भन्नाले भीमदत्त उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम सम्झनु पर्छ ।

(ख) "न्युनतम योग्यता" भन्नाले अनुसुची-१ बमोजिमको योग्यता सम्झनु पर्छ।

(ग) "ज्ञान केन्द्र" भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

(घ) "विज्ञ केन्द्र" भन्नाले भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ।

(ङ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले सूदुरपश्चिम प्रदेश सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले सूदुरपश्चिम प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री

परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

३. <u>कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन समितिः</u> (१) प्रदेश स्तरमा देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय -सदस्य

(ग) निर्देशक, कृषि अनुसन्धान परिषद् प्रादेशिक कार्यालय -सदस्य

(घ) प्रमुख, खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्धन महाशाखा,मन्त्रालय -सदस्य

(ङ) प्रमुख, पशुपन्छी तथा मत्स्य विकास महाशाखा, मन्त्रालय -सदस्य

(च) प्रमुख, योजना तथा अनुगमन महाशाखा, मन्त्रालय -सदस्य

(छ) प्रमुख, कृषि विकास निर्देशनालय -सदस्य-सचिव

(२) जिल्ला स्तरमा देहाय बमोजिमको कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन समिति रहनेछः-

(क) संयोजक, जिल्ला समन्वय समिति वा निजले तोकेको व्यक्ति -संयोजक

(ख) प्रमुख, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र -सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्ला समन्वय समिति -सदस्य

(घ) अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्लास्थित पालिकाको कृषि वा पशुपन्छी शाखा -सदस्य

(ङ) प्रमुख, कृषि ज्ञान केन्द्र -सदस्य-सचिव

४. <u>बैठक सम्बन्धी कार्यविधिः</u> (१) समितिको बैठक आवश्यकता अनुसार संयोजकको निर्देशनमा सदस्य-सचिवले मिति, समय र स्थान तोकी बोलाउनु पर्नेछ ।

(२) बहुमत सदस्यहरुको उपस्थितिलाई बैठकको गणपुरक संख्या मानिनेछ।

(३) समितिको बैठकको निर्णय बहुमतको आधारमा गरिनेछ ।

(४) समितिले आवश्यकता अनुसार विषय विशेषज्ञ तथा सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली



डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री

५. **समितिको काम कर्तव्य र अधिकार:** दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कार्यक्रम सञ्चालनका लागि सूचना प्रवाह तथा आवेदन संकलन गराउने,

(ख) प्राप्त आवेदनहरुको मूल्याङ्कनका लागि उपसमितिका सदस्य तोक्ने,

(ग) उपसमितिबाट भएको मुल्याङ्कन रुजु गर्ने तथा आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गर्ने, र

(घ) मुल्याङ्कनका आधारमा जिल्लामा ३ जना उत्कृष्ट कृषकहरु तोक्ने

६. **कार्यक्रम सञ्चालन प्रक्रिया:** (१) यो कार्यक्रम सञ्चालनका लागि मन्त्रालयले बजेटको व्यवस्था गर्नेछ।

(२) दफा ६ को उपदफा (१) बमोजिम कार्यक्रम कार्यान्वयनका लागि मन्त्रालयले ३० दिन समयावधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रकाशित सूचना ज्ञान केन्द्र र विज्ञ केन्द्रहरुले सम्बन्धित जिल्लाका स्थानीय पत्रपत्रिका र एफ.एम. मार्फत प्रचार गराउनेछ ।

(४) उपदफा (२) बमोजिमको सूचना प्रकाशन भई सकेपश्चात अनुसुची-१ बमोजिमको मापदण्ड पुगेका कृषकहरुले अनुसुची-२ बमोजिमको आवेदन र अनुसुची-३ बमोजिमको विवरण सम्बन्धित ज्ञान केन्द्र, विज्ञ केन्द्र र स्थानीय तहको कृषि तथा पशुपन्छी शाखामा बुझाउनु पर्नेछ ।

(५) सम्बन्धित कृषि तथा पशुपन्छी शाखाले उपदफा (४) बमोजिम संकलन भएका आवेदनहरु, आवेदन समाप्त भएको मितिले २ दिन भित्र ज्ञान केन्द्र वा विज्ञ केन्द्रमा बुझाई सक्नु पर्नेछ भने ज्ञान केन्द्र र विज्ञ केन्द्रले कूल आवेदनहरुको जानकारी जिल्लास्तर समितिमा ५ दिन भित्र बुझाउनु पर्नेछ ।

७. **प्राविधिक उपसमिति:** (१) दफा ६ को उपदफा (४) बमोजिम संकलन भएका आवेदनहरुको मुल्याङ्कनका लागि जिल्ला स्तर समितिले देहाय बमोजिम प्राविधिक उपसमिति गठन गर्नेछ :-

(क) अधिकृत, कृषि ज्ञान केन्द्र -संयोजक

(ख) अधिकृत,भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र -सदस्य

(ग) अधिकृत, जिल्ला समन्वय समिति -सदस्य

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली



डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री

(२) उपदफा (१) बमोजिम गठित उपसमितिका काम कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन् :-

(क) अनुसुची-४ बमोजिम मुल्याङ्कन गर्ने,

(ख) स्थलगत रुपमा अनुगमन गर्नु पर्ने भएमा गर्ने,

(ग) मुल्यांकन प्रतिवेदन समिति समक्ष प्रतिवेदन पेश गर्ने

(३) उपदफा (२) बमोजिमको प्राविधिक उपसमिति बाट प्रतिवेदन प्राप्त भएपश्चात जिल्ला स्तर समितिले उक्त विवरण रुजु गरि तथा स्थलगत रुपमा अनुगमन गर्नुपर्ने भएमा गरि जिल्ला स्तरमा ३ जना उत्कृष्ट कृषक छनौट गरि सार्वजनिक जानकारी गराउनेछ ।

(४) प्रदेश स्तर समितिले उपदफा (३) बमोजिम जिल्ला स्तरमा उत्कृष्ट भएका कृषक मध्ये प्रदेश स्तरमा उत्कृष्ट कृषक छनौटका लागि मुल्याङ्कन गर्न देहाय बमोजिम प्राविधिक उपसमिति गठन गर्नेछ :-

(क) प्रमुख, कृषि विकास निर्देशनालय -संयोजक

(ख) निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय -सदस्य

(ग) प्रमुख, कृषि व्यवसाय प्रवर्धन सहयोग तथा तालिम केन्द्र -सदस्य

(५) उपदफा (४) बमोजिम गठित उपसमितिले स्थलगत अनुगमन गर्नुपर्ने भएमा गरि र अनुसुची-४ बमोजिम मुल्याङ्कन गरि प्रदेश समिति समक्ष प्रतिवेदन पेश गर्नेछ ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदन प्राप्त भएपश्चात प्रदेश स्तर समितिले उक्त विवरण रुजु गरी तथा स्थलगत रुपमा अनुगमन गर्नुपर्ने भएमा गरी प्रदेश स्तरमा १ जना भिमदत्त प्रदेश सर्वोत्कृष्ट कृषक र ४ जना उत्कृष्ट कृषक छनौट गरी जम्मा ५ जना कृषकहरुको नामावली प्रकाशन गराइनेछ।

८. **प्रदेश उत्कृष्ट कृषक पुरस्कार वितरण:** (१) यस कार्यविधिको दफा ७ को उपदफा (३) बमोजिम छनौट भएका कृषकहरुलाई जिल्ला स्तर समितिले र दफा ७ को उपदफा (६) बमोजिम छनौट भएका कृषकहरुलाई मन्त्रालयले प्रदेश स्तरमा विशेष कार्यक्रमको आयोजना गरी नगद पुरस्कार र प्रमाण-पत्र सहित सम्मान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रदान गरिने नगद पुरस्कारको रकम अनुसुची-५ बमोजिम हुनेछ ।

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली



डा.किसन लाल
सचिव

मा.मन्त्री

(३) उपदफा (२) बमोजिमको प्रदान गरिने नगद पुरस्कार रकममा मन्त्रालयले आवश्यकता अनुसार निर्णय गरी थपघट तथा हेरफेर गर्न सक्नेछ ।

## परिच्छेद-३

## विविध

९. **पुनः सहभागि नगराईने:** (१) एक पटक भिमदत्त प्रदेश सर्वोत्कृष्ट कृषक पुरस्कार प्राप्त गरी सकेका कृषकलाई ५ वर्षसम्म पुनः यस कार्यक्रममा सहभागि गराईने छैन ।

(२) उपदफा (१) बमोजिम विगतमा उत्कृष्ट पुरस्कार मात्र पाएका कृषकहरुलाई जिल्ला स्तर समितिको सिफारिसका आधारमा सर्वोत्कृष्ट कृषक पुरस्कारको प्रतिस्पर्धाका लागि प्रदेश स्तर समितिले सहभागि गराउन बाधा पर्ने छैन।

१०. **अभिलेख व्यवस्थापन:** यस कार्यविधि बमोजिम सर्वोत्कृष्ट कृषक तथा उत्कृष्ट पुरस्कार पाएका कृषकहरुको अभिलेख जिल्ला स्तरका समिति र मन्त्रालयमा व्यवस्थित रुपमा राखिनेछ ।

११. **भ्रमण खर्च उपलब्ध गराउने:** यस कार्यविधि बमोजिम प्रदेश स्तरमा उत्कृष्ट र सर्वोत्कृष्ट पुरस्कार ग्रहण गर्ने प्रयोजनका गरिने भ्रमणको मन्त्रालय वा मातहतका कार्यालयले सम्बन्धित कृषकलाई अधिकृत स्तर सातौं सरहको भ्रमण खर्च थप भुक्तानि गर्नेछ ।

१२. **प्रचलित कानून लागु हुने:** यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. **सम्पर्क विन्दु रहने:** मन्त्रालयको खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्धन महाशाखा यस कार्यक्रमको सम्पर्क विन्दुका रुपमा रहि कामकाज गर्नेछ ।

१४. **निर्देशन दिन सक्ने:** (१) यस कार्यविधि बमोजिम सञ्चालित कार्यक्रमको कार्यान्वयनलाई पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन मन्त्रालयले मातहतका कार्यालय तथा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निर्देशन सम्बन्धित सबैले पालना गर्नु गराउनु पर्नेछ।

१५. **बाधा अड्काउ फुकाउने र संशोधन:** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा मन्त्रालयले प्रचलित कानूनको प्रतिकूल नहुने गरी बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) मन्त्रालयले यस कार्यविधिमा आवश्यक संशोधन तथा हेरफेर गर्न सक्नेछ।

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी, कैलाली



डा.किसन लाल भ...
सचिव

मा.मन्त्री

## अनुसूची-१

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)१

### आवेदनको मापदण्ड

| क्र.सं. | बाली | क्षेत्रफल/संख्या (न्युनतम) |
|---|---|---|
| १ | अन्नबाली, दलहन तथा तेलहन बाली | तराईमा १५ कठ्ठा र पहाडमा १० रोपनी |
| २ | तरकारी, पुष्प तथा मसला बाली | तराईमा १० कठ्ठा, पहाडमा २ रोपनी र प्लाष्टिक टनेल १००० वर्ग फिट |
| ३ | च्याउ | १० वटा टनेल (५०० वर्ग फिट) |
| ४ | अलैंची, अदुवा | ५ रोपनी |
| ५ | आँप, ओखर, कटहर, अनार र लिची | ७५ बोट |
| ६ | अम्बा, सुन्तला, जुनार, स्याउ, नास्पाति र आरुबखडा | १०० बोट |
| ७ | स्ट्रबेरी | २ रोपनी |
| ८ | किवी, कफी | ५ रोपनी |
| ९ | केरा | ७ रोपनी |
| १० | चिया | ५ रोपनी |
| ११ | उखु | १० कठ्ठा |
| १२ | मौरीपालन | ५० गोला/घार भएको |
| १३ | माछापालन | ५०० माछापालन गरेको |
| १४ | भेंडाबाख्रा | भेंडा (तराईमा ५० माउ र पहाडमा १०० माउ) र बाख्रा (५० माउ) |
| १५ | बंगुर सुँगुर | २० माउ |
| १६ | गाईभैंसी | १० माउ |
| १७ | कुखुरा | २००० वटा |
| १८ | हाँस | १००० वटा |
| १९ | घाँसखेती | तराईमा १० कठ्ठा र पहाडमा ५ रोपनी |
| २० | खाद्यान्न बीउ | तराईमा १० कठ्ठा र पहाडमा ५ रोपनी |
| २१ | तरकारी बीउ | तराईमा ५ कठ्ठा र पहाडमा २ रोपनी |

नोट: माथि उल्लेखित बाहेक कुनै कृषकले नयाँ उत्कृष्ट व्यवसाय गरेको भए त्यस्तो व्यवसायलाई जिल्ला स्तर समितिको निर्णय गरी मापदण्ड तयार गरी कार्यक्रममा समावेश गराउन सकिनेछ र सोको पुष्ट्याई समेत संलग्न गर्नु पर्नेछ ।

प्रदेश सरकार सुदूरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय धनगढी, कैलाली



डा.किसन लाल भ
सचिव

मा.मन्त्री

अनुसूची-२

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

**भिमदत्त प्रदेश उत्कृष्ट कृषक पुरस्कारमा संलग्न हुन कृषकले पेश गर्नुपर्ने आवेदनको ढाँचा**

मिति:

श्री प्रमुखज्यू

……………केन्द्र,

विषय: भिमदत्त प्रदेश उत्कृष्ट कृषक पुरस्कारमा कार्यक्रममा समावेश गरी दिनुहुन।

महोदय,

श्री भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेशको मिति:…………………………………………….. को सार्वजनिक सूचना अनुसार **भिमदत्त प्रदेश उत्कृष्ट कृषक पुरस्कार** कार्यक्रममा सहभागी हुन ईच्छा भएकाले मेरो विवरण सहितको आवेदन पेश गरेको छु । यसमा मैले पेश गरेको विवरण सही छ, झुठ्ठा भए प्रचलित कानून बमोजिम सहुँला बुझुँला ।

निवेदक

नाम:

दस्तखत:

ठेगाना:

मोबाईल नंबर:

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

डा.किसन लाल भट्ट
सचिव

## अनुसूची -३

(दफा ६ को उपदफा (४) सँग सम्बन्धित)

**भिमदत्त प्रदेश उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकहरुले पेश गर्नु पर्ने निवेदन फाराम (नमूना)**

| पासपोर्ट साईजको फोटो |
|---|

१. कृषकको नाम:

२. जन्म स्थान र जन्म मिति:

३. स्थायी ठेगाना:

४. पत्राचारको ठेगाना:

५. श्रोत साधनको विवरण

| क.सं | विवरण | ईकाइ | परिमाण | कैफियत |
|---|---|---|---|---|
| १ | **कृषकसँग भएको श्रोत साधान** | | | |
| क | कूल जग्गाको क्षेत्रफल (भाडको समेत) | | | |
| ख | कूल खेती गरिएको क्षेत्रफल | | | |
| ग | पशुपालनका लागि प्रयोग भएको जग्गाको क्षेत्रफल | | | |
| घ | सिंचित जग्गाको क्षेत्रफल | | | |
| २ | **सिंचाईको श्रोत** | | | |
| क | कुलो | | | |
| ख | बोरिंग | | | |
| ग | पोखरी | | | |
| घ | कृषि यन्त्र उपकरणको अवस्था | | | |

६. खेती गरिएको बाली तथा उत्पादन विवरण:

| क.सं. | बाली | ईकाइ | परिमाण | उत्पादन |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

७. पशुपन्छी पालन तथा उत्पादन विवरण

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली



डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री

| क्र.सं. | पशुपन्छी | संख्या | उत्पादत वस्तु | परिमाण |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

८. सेवा तथा संस्थागत विवरण

| क्र.सं. | सेवा तथा संस्थागत पहुँच | विवरण |
|---|---|---|
| १. | विकास कार्यालयसँग सम्पर्क र समन्वय स्थिति | |
| २. | कृषि ऋण | |
| ३. | बाली तथा पशुधन बीमा | |
| ४. | कार्यक्रम/आयोजना प्राप्ति | |
| ५. | प्राविधिकसँगको समन्वय | |

९. कामदार विवरण

| क्र.सं. | काम | घरेलु कामदार संख्या | ज्यामी कामदार संख्या |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

१०. लगानी विवरण

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

९ डा.किसन लाल भ
सचिव

मा.मन्त्री

| क्र.सं. | लगानी | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | जम्मा खेती खर्च | | |
| २. | जम्मा पशुपालन खर्च | | |
| ३. | जम्मा पन्छीपालन खर्च | | |
| ४. | जम्मा यन्त्र उपकरण खर्च | | |
| ५. | अन्य खर्च | | |

११. लगानीको श्रोत

| क्र.सं. | लगानी | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | आफ्नो लगानी | | |
| २. | बैंकबाट लिएको ऋण | | |
| ३. | समूह सहकारीबाट लिएको ऋण | | |
| ४. | साहु छिमेकीबाट लिएको ऋण | | |
| ५. | अन्य | | |

१२. कृषि पेशाबाट वार्षिक पारिवारिक आम्दानी

| क्र.सं. | लगानी | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | कृषि उपज बजारीकरणबाट | | |
| २. | पशुपन्छी उत्पादन बजारीकरणबाट | | |
| ३. | कृषि तथा पशुपन्छी सम्बन्धी विविध सेवा प्रदान गरे वापत | | |
| ४. | अन्य | | |

१३. निम्न विषयमा दक्षता

| क्र.सं. | क्षेत्र | दक्षता | कैफियत |
|---|---|---|---|
| १. | प्रविधिको प्रयोग तथा अनुसरण | गरेको/नगरेको | |
| २. | श्रोत साधनको महत्तम प्रयोग | गरेको/नगरेको | |
| ३. | प्रविधि विस्तार तथा विकासमा योगदान | गरेको/नगरेको | |
| ४. | रोग कीरा नियन्त्रण प्रविधिको उपयोग | गरेको/नगरेको | |



प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

डा.किसन लाल भ
सचिव

मा.मन्त्री

| | | | |
|---|---|---|---|
| ५. | भकारो तथा गोठ सुधार | गरेको/नगरेको | |
| ६. | लाभ लागत रेकर्ड राख्ने | गरेको/नगरेको | |
| ७. | कुनै अन्य पुरस्कार र प्रशंसा पत्र प्राप्त | गरेको/नगरेको | |
| ८. | समूह तथा सहकारीमा आवद्ध | भएको/नभएको | |
| ९. | स्थानीय स्तरमा अनुभव आदान प्रदान | गरेको/नगरेको | |

१४. नयाँ प्रविधि उपयोग तथा विकासको विवरण

१५. भावि योजना

१६. कृषक सफलताको कथा (बढीमा १०० शब्दमा )

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

मा.मन्त्री

डा.किसन लाल
सचिव

अनुसूची-४

(दफा ७ को उपदफा (२) र (५) सँग सम्बन्धित)

मुल्याङ्कनका आधारहरु

| क्र.सं. | मापदण्ड | पूर्णाङ्क | प्रासांक |
|---|---|---|---|
| १. | श्रोत साधनको स्थिति एवंम् उपयोग | १० | |
| २. | स्थानीय समुदायमा कार्य अनुभव र योगदान | १० | |
| ३. | उत्पादन तथा उत्पादकत्व स्थिति | १० | |
| ४. | सेवा तथा संस्थागत पहुँच | ५ | |
| ५. | रोजगारी श्रृजनाको स्थिति | १५ | |
| ६. | कृषि व्यवसायमा लगानीको स्थिति | ५ | |
| ७. | कृषि व्यवसायबाट आम्दानी र प्रतिफलको स्थिति | १० | |
| ८. | विकास कार्यालय र प्रविधिकसँग सम्पर्कको स्थिति | ५ | |
| ९. | प्राविधिक ज्ञान सीपको जानकारी तथा प्रयोग स्थिति | १० | |
| १०. | कृषि व्यवसायको दीगोपनाको स्थिति | १० | |
| ११. | सृजनात्मक कार्य गरेको | १० | |

मा.मन्त्री

डा.किसन लाल भट्ट
सचिव

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली

# अनुसूची-५

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

## पुरस्कार रकम

| क्र.सं. | पुरस्कारको नाम | पुरस्कार संख्या | प्रति पुरस्कार रकम रु. |
|---|---|---|---|
| १. | भिमदत्त सर्वोत्कृष्ट प्रदेश कृषक पुरस्कार | १ जना | १.५ लाख |
| २. | प्रदेश उत्कृष्ट कृषक पुरस्कार | ४ जना | ७५ हजार |
| ३. | जिल्ला स्तरमा उत्कृष्ट कृषक पुरस्कार | प्रति जिल्ला ३ जना गरी जम्मा २७ जना | २५ हजार |

डा.किसन लाल भट्ट
सचिव

मा.मन्त्री

प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
धनगढी, कैलाली